# भद्रपुरको बजेट ९१ करोड ३४ लाख

**इजलास** /भद्रपुर



झापाको सदरमुकाम नगरपालिका भद्रपुरको नीति तथा कार्यक्रमसहित आर्थिक वर्ष २०७९/८० को बजेट नगरसभाले पारित गरेको छ। बिहीबार नगरसभाको ११औँ अधिवेशनबाट नगर प्रमुख गणेश पोखरेलद्वारा प्रस्तुत नीति तथा कार्यक्रम र उपप्रमुख राधा कार्कीद्वारा पेश गरिएको वार्षिक आयव्यय समेटिएको बजेट नगरसभाले पारित गरेको हो।

समुन्नत नगर निर्माणका लागि 'शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षा र भौतिक पूर्वाधार : समृद्धिको मुख्य आधार' नारासहित नगरपालिकाले आगामी नीति तथा कार्यक्रम र बजेट निर्धारण गरेको छ। नगरपालिकाले आगामी आर्थिक वर्ष २०७९/८० का लागि रू ९१ करोड ३४ लाख २३ हजार बराबरको अनुमानित बजेट सार्वजनिक गरेको छ।

उपप्रमुख कार्कीले आर्थिक विकासतर्फ तीन करोड ५१ लाख, सामाजिक विकासतर्फ रू ३२ करोड ६० लाख ७३ हजार, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ८३ लाख ५० हजार, संस्थागत विकास/सेवा प्रवाह/सूचना प्रविधि विकास तथा कार्यालय सञ्चालनतर्फ रू १६ करोड ४५ लाख र पूर्वाधार विकासतर्फ रू ३७ करोड ९४ लाख बराबरको अनुमानित बजेट सार्वजनिक गरिन्। एक सय ४६ बुँदामा समेटिएको नीति तथा कार्यक्रम विषयगत क्षेत्र समेट्दै नगरपालिकाको उन्नतिका लागि पूर्वाधार विकास, सामाजिक रूपान्तरण, राजस्व बाँडफाँट, नगर गौरव आयोजना, शिक्षा, स्वास्थ्यलगायत क्षेत्र समेटेर तयार पारिएको छ।

शिक्षातर्फ संविधानले सुनिश्चित गरेको माध्यमिक तहसम्मको निःशुल्क शिक्षालाई कार्यान्वयन गरिने, सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार सुधार गर्दै विद्यालयका कक्षाकोठालाई आधुनिक सिकाइ वातावरण निर्माणका लागि प्रविधिमैत्री कक्षाकोठामा रुपान्तरण गरिनेछ। नगरमा बहुप्राविधिक विद्यालयको स्थापना गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेलगायतका कार्यक्रम समेटिएका छन्।

यस्तै स्वास्थ्य स्वास्थ्य संस्थाबाट प्रभावकारी र व्यवस्थित स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यचौकी तथा आधारभूत स्वास्थ्य केन्द्रबाट आवश्यक सामग्री तथा औषधिको प्रबन्ध गरिने, गरिबीको रेखामुनि रहेका नागरिक, अल्पसंख्यक, सिमान्तकृत, दलित र विपन्न समुदायका मानिसको स्वास्थ्योपचारलाई सहज बनाउन निःशुल्क स्वास्थ्य बीमा गर्ने र नगर क्षेत्रमा कार्यरत मजदुर तथा ज्येष्ठ नागरिकको वर्षमा एकपटक निःशुल्क स्वास्थ्य परीक्षण गर्ने शिविर सञ्चालन गरिने, गर्भवती महिलाको स्वास्थ्य सुरक्षा र सुत्केरी आमालाई पोषिलो खानाको प्याकेज उपलब्ध गराइने र नवजात शिशुको निःशुल्क एक हजार दिनको उपचार तथा स्वास्थ्य स्याहार कार्यक्रम सञ्चालन गरिनेलगायतका कार्यक्रम रहेको छ।

नगरले कृषि तथा पशुपक्षीपालनलाई प्रोत्साहन एवं प्रवर्द्धन गर्न 'मेचीपारि, तरकारी बारी', 'भद्रपुर नगर कृषिजन्य उत्पादनको लहर'लगायतका नारासहित विशेष प्राथमिकता दिएको छ। नगरभित्र सञ्चालन हुने हाट बजार तथा कृषि बजारलाई थप व्यवस्थित गर्दै भद्रपुर बजार र चन्द्रगढी बजारको तरकारी बजारलाई आधुनिक एकीकृत तरकारी बजारका रुपमा विकास गरिने, धान, मकै, तरकारी, पशुपक्षीपालन लगायतको कृषि पकेट क्षेत्र निर्धारण गरी कृषि उत्पादनको दिगो विकास गरिने नगरपालिकाको लक्ष्य छ।

सामाजिक विकासअन्तर्गत महिलाको पहिचान, पहुँच सुनिश्चित गर्न महिला सशक्तीकरण र क्षमता विकास कार्यक्रम सञ्चालन गरिने जनाइएको छ भने महिलाको आय, रोजगारी र जीवनस्तरमा अभिवृद्धि गर्न आयमूलक र रोजगारमूलक कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

बालविकासका लागि बाल बचाउ, बाल संरक्षण, बाल अधिकार र बाल विकासका मान्यतालाई संस्थागत गर्दै लगिने, ज्येष्ठ नागरिकको स्वस्थ्य बीमा कार्यलाई अभियानका रुपमा सञ्चालन एवं ज्येष्ठ नागरिकमा भएको ज्ञान सीप अनुभवलाई उपयोग गर्न सबै माध्यमिक विद्यालयमा अन्तरपुस्ता ज्ञान हस्तान्तरण गरिने कार्यक्रम पनि नगरपालिकाले ल्याउने भएको छ।

यस्तै नगरको पूर्वाधार विकासका लागि आवश्यकताका आधारमा सडक, कज्वे, नाला, खानेपानी चौतारा, पुल कल्भर्ट, मठमन्दिर, तटबन्ध, सडक बत्ती खेलकुद मैदान, सार्वजनिकस्थलमा सिसी क्यामेरा जस्ता पूर्वाधार र दूरसञ्चार सुविधाको विकास विस्तार गर्ने नगरपालिकाको कार्यक्रम छ।

'शून्य भ्रष्टाचार, जनताप्रति बफादार' नारालाई आत्मसात् गर्दै नगरबाट हुने सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र चुस्त बनाइने, नगरपालिकाबाट प्रवाह हुने सबै सेवालाई सूचना प्रविधि प्रणाली एवं सफ्टवेयरमार्फत सञ्चालन गर्ने नीति नगरपालिकाले लिने भएको छ।

यस्तै एक वडा एक खेल मैदानको अवधारणाको विकास गरी प्रत्येक वडामा एउटा खेलमैदानलाई विकास गर्दै लगिने, मेची रङ्गशालामा रात्रिकालीन खेल सञ्चालनका लागि फ्लडलाइट जडानका लागि पहल गरिने, प्रत्येक वर्ष मेची रङ्गशालामा राष्ट्रियस्तरको भद्रपुर गोल्डकप र नगर क्षेत्रमा रहेका खेलका प्रतिभालाई प्रोत्साहित गर्न वार्षिकरुपमा बहुखेल सप्ताह सञ्चालन गरिने जनाइएको छ।

'एक घर, दुई फलफूल बिरुवा' भन्ने नारालाई साथर्कता प्रदान गर्ने कार्यलाई अघि बढाउँदै बिरुवा वितरण कार्यक्रमको सञ्चालन गरिने, प्रदूषणरहित नगर बनाउन चेतनामूलक र सिर्जनात्मक कार्यक्रमको सञ्चालन गर्ने नगरपालिकाको आगामी नीति छ।

नगरपालिकाले बाढी तथा कटानको समस्या समाधानका लागि तटबन्धन कार्यलाई अघि बढाइने, 'एक घर, एक धारा' नारालाई चरितार्थ गर्न खानेपानी विस्तारका लागि ओभरहेड ट्याङ्कीबाट पानी नपुगेका नगरका आवश्यक क्षेत्रमा पाइपलाइन विस्तार एवं पहल गर्ने जनाएको छ।

# मेचीनगरको बजेट १ अर्ब ३२ करोड

## शिक्षा ,स्वास्थ्य र रोजगार प्राथमिकतामा

मेचीनगर । झापाको मेचीनगर नगपालिकाले आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमका लागि १ अर्ब ३२ करोड ३३ लाख ४ हजार १६ रुपैयाँ बराबरको अनुमानित बजेट प्रस्तुत गरेको छ।

शुक्रबार मेचीनगर नगरपालिकाको दोस्रो नगर सभाको प्रथम बैठकमा मेचीनगर नगरपालिकाको आर्थिक विधेयक २०७९ को विनियोजन विधेयक प्रस्तुत गर्दै उपप्रमुख मीना पोखरेल उप्रेतीले आगामी आर्थिक वर्ष २०७९/०८० को मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय,विषयगत शाखा, उपशाखा तथा सेवा केन्द्रले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा १ अर्ब ३२ करोड ३३ लाख ४ हजार १६ रुपैयाँमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने स्पष्ट पारेकी छन्।

नगरप्रमुख उप्रेतीले अनुसूची १ दफा ३ बमोजिम सञ्चित कोषाबट विनियोजित रकम चालु खर्चतर्फ ६२ करोड २३ लाख, पुँजीगत खर्च ७० लाख ४ लाख ४ हजार १६, वित्तिय व्यवस्थातर्फ ६० लाख गरी कुल १ अर्ब ३२ करोड ३३ लाख ४ हजार १६ रुपैयाँ बराबरको अनुमानित बजेट प्रस्तुत गरेकी छन्। संघीय सांसद् राम कार्कीले प्रमुख अतिथिको आसनबाट दोस्रो नगर सभाको प्रथम बैठकको उद्घाटन गरेका थिए। नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले कार्यक्रमको अध्यक्षता गर्दै नगरपालिकाको दोस्रो नगर सभाको प्रथम बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। नीति, योजना तथा कार्यक्रम र बजेट तयार गर्दा संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख समाजका लागि शिक्षा ,स्वास्थ्य र रोजगारलाई प्रमुख आधार बनाइएको छ।

बार्षिक बजेट, नीति तथा कार्यक्रमको आधार, औचित्य, उद्धेश्य, प्राथमिकता, लक्ष्य, योजना तथा कार्यक्रम कार्यान्वियन नीतिहरु, बिषयगत क्षेत्र सम्बन्धि नीतिहरु, कृषि तथा पशु विकासजस्ता कुरालाई नगरपालिकाले नीति तथा कार्यक्रममा समेटेको छ।

बार्षिक बजेट नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान २०७२, स्थानीय तह सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार र प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त स्रोत तथा साधन, नगरपालिकाको आन्तरिक श्रोत, वडाहरुबाट प्राप्त योजना तथा कार्यक्रम, बिषयगत समिति लगायत अन्य समितिबाट प्राप्त सुझाव चालु आर्थि वर्ष २०७८/०७९ को २०७९ जेष्ठमसान्तसम्मको यथार्थ आय व्यय राजनैतिक दल, विद्वत वर्ग, नागरिक समाज, नीजिक्षेत्र, सहित मेचीनगर नगरपालिकाभित्रका सरोकारवालाबाट प्राप्त सुझाव बमोजिम नीति, योजना तथा कार्यक्रम र बजेट तयार गर्दा संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख समाजका लागि शिक्षा ,स्वास्थ्य र रोजगार लाई प्रमुख अधार बनाइएको छ।


## साझा सेफ्टी ट्याङ्की तथा ढल सफाई

आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठुलो सेफ्टी ट्याङ्की अनुभवि व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ।




विशाल हरिजन

९८१४९९३७१२ ९८२४९९०४६२
९८४२६७७८५५ ९७४५२६०८२५

नोट : यहाँ पाईप फिटिङ् सर्भिसको व्यवस्था छ।

## गमी र बर्षातको समयमा खाना खादाँ ध्यान दिऔं

- बासी र सडेगलेको खाने कुराहरु नखाऔं।
- पाकेको खाना मात्र खाऔं।
- झिङ्गा र भसुना भन्किन नदिऔं। खानेकुरा छोपेर राखौं।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं।
- सकेसम्म खुल्लारुपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
**मिट माउण्ट**

मासुका पारखीहरुले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

## सूचना सूचना सूचना

के तपाई कुजीएर बस्नु भएको छ ? उपचार गर्दा ठिक भएन ? अब चिन्ता नलिनुहोस्, नेशनल बाथ रोग सेन्टर काठमाडौंबाट हरेक महिना वरिष्ठ बाथ रोग विशेषज्ञ डा. मनिषा भोछिभोया साथै वरिष्ठ सुगर थाईराइड तथा हर्मोन रोग विशेषज्ञ डा.बजरंग कुमार रौनियार झापाको बिर्तामोड आउदैं हुनुहुन्छ। सेवाका लागि सम्पर्क गर्नुहोस्।

सम्पर्क : अश्विन पोलिक्लिनिक तथा नेशनल बाथ रोग सेन्टर
भद्रपुर रोड, बिर्तामोड सम्पर्क नं. ०२३-५३०५४५

## बिर्ता सेफ्टी तथा ढल सफाई



9825952677
9825952680
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठुलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


बिर्तामोड नगरपालिका
**नगरकार्यपालिको कार्यालय**
**बिर्तामोड नगर अस्पताल**
बिर्तामोड, झापा

## औषधि तथा औषधीजन्य मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**ठेक्काको सूचना नं. BTMMUN/GOOODS/SQ–38/078–79**

दोस्रो पटक प्रकाशित मितिः-२०७९/०२/३१

यस अस्पताललाई आ.व. ०७८/७९ को लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य मालसामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त रजिष्टर्ड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरुबाट देहायका शर्तहरुका अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन आव्हान गरिन्छ।

शर्तहरुः-

(०१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन सम्ममा दरभाउपत्र फाराम यस अस्पतालको स्टोर शाखाबाट रु १,०००/- अक्षरेपी एक हजार मात्र (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ।

(०२) दरभाउपत्र खरिद गर्दा आधिकारिक निवेदन साथ निम्न कागजात संलग्न हुनुपर्नेछ।

(क) औषधी व्यवस्था विभागबाट प्राप्त नविकरण सहितको इजाजत पत्रको प्रमाणित प्रतिलिपी।
(ख) मुल्य अभिवृद्धि कर वा पानमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।
(ग) आ.व.०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
(घ) प्रोपाईटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारिक मञ्जुरीनामा।
(ङ) संलग्न कागजातहरुको प्रतिलिपी नोटरी पब्लिकबाट अनिवार्य रुपमा गराई आएको हुनुपर्नेछ।

(०३) खरिद गरिएका दरभाउपत्र १६औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

(०४) रितपुर्वक पेश भएका सिलबन्दी दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको ०२:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहबरमा बिर्तामोड नगरपालिकाको कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

(०५) रित नपुगेको र म्याद नाघि आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन।

(०६) दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ।

(०७) दरभाउपत्रदाताले धरौटी वापतको रु ६०,०००/-(साठी हजार मात्र) बिर्तामोड नगरपालिकाको एन.आई.सि. एशिया बैंक लि., बिर्तबिजार मा रहेको धरौटी खाता नं. 246CA500188700002 मा नगद जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारि गरेको कम्तिमा ७६ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्दछ।

(०८) दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिईनेछ।

(०९) पेश भएका सिलबन्दी दरभाउपत्र आंशिक रुपमा, आइटमवाइज रुपमा, पुर्णरुपमा स्विकृत गर्ने वा रद्द गर्ने अधिकार यस समितिमा निहित रहनेछ।

(१०) उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ। विस्तृत जानकारी नगरपालिकाको वेवसाइट www.birtamodmun.gov.np मा हेर्न सक्नुहुनेछ साथै यस कार्यालयको टेलिफोन नं. ०२३-५४०४८८ मा कार्यालय समय भित्र टेलिफोन गरि वा कार्यालयमा कार्यालय समय भित्र उपस्थित भई बुझ्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

टाइम्स मिडिया नेटवर्क प्रा.लि. [illegible] Gmail : ijalasdaily@gmail.com ।

टाइम्स मिडिया नेटवर्क प्रा.लि.द्वारा प्रकाशित तथा पोखरेल प्रिन्टिङ प्रेस, बिर्तामोडमा मुद्रित, कार्यालय बिर्तामोड-[illegible], झापा। फोन : [illegible] । Gmail : [illegible]
**अध्यक्ष** : *नारायणप्रसाद पोखरेल* | लेआउट : छेत्रलाल राजवंशी || **कार्यालय प्रतिनिधि** : ९८५२६३३५०२८ / **सम्पादक** : प्रदीप परियार